।।प्रेस विज्ञप्ती।।

खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय, कोशी प्रदेश

विराटनगर

नेपालको संविधानले परिकल्पना गरे अनुसारको संघीय संरचनाको कार्यान्वयनको सन्दर्भमा प्रदेशस्तरको खानेपानी तथा सरसफाई, सिंचाई, उर्जा, विधुत, जल उत्पन्न प्रकोप व्यवस्थापनसम्वन्धी अध्ययन (नदी तथा पहिरो), अनुसन्धान, नीति, कानुन, मापदण्ड, गुरुयोजना, योजना तथा आयोजना निर्माण, कार्यान्वयन, सञ्चालन, मर्मत संभार, समन्वय र नियमन गर्ने उद्देश्यले यो मन्त्रालय स्थापना भएको हो। यस मन्त्रालयले प्रदेशमा खानेपानी तथा सरसफाई, सिंचाई, नदी नियन्त्रण, ऊर्जा तथा विद्युत जस्ता आधारभूत भौतिक पूर्वाधारहरुको निर्माण तथा विकास गरी प्रदेशका जनताहरुलाई सामाजिक एवं आर्थिक रुपले सम्पन्न र समृद्ध बनाउने उद्धेश्य राखेको छ ।

मन्त्रालयलाई तोकिएको कार्यजिम्मेवारी तथा उद्धेश्य पुरा गर्नका लागि मन्त्रालय अन्तर्गत ७ वटा खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरु, १३ वटा जलस्रोत तथा सिंचाई विकास डिभिजनहरु,१ वटाजलस्रोत तथा सिंचाई विकास सब डिभिजन कार्यालय, २ वटा वटा सिंचाई व्यवस्थापन कार्यालयहरु र १ वटा भूमिगत जलस्रोत तथा सिंचाई विकास डिभिजन गरी जम्मा २४ वटा कार्यालयहरू रहेका छन्। मन्त्रालयको खानेपानी, सिचाई र उर्जा क्षेत्रको कार्य गर्ने गरी १२ वटा कार्य जिम्मेवारी रहेको छन ।

**(क) खानेपानी**

प्रदेश भित्रका प्रत्येक नागरिकलाई खानेपानी पहुच पुन्याउनका लागि १४९१ वटा आयोजनाहरु सञ्चलनमा रहेका छन ।प्रदेश सरकारबाट स्रोत सुनिश्चितता भएको आ.व. ०८०/०८१ सम्म ५ वटा बहुवर्षिय योजना रहेकोमा सबै योजना सम्पन्न भएको चालु आ.व.मा १५ वटा बहुवर्षिय योजनाको स्रोत सुनिश्चतता प्राप्त भएको छ । प्रदेश भित्र सुरक्षित खानेपानी ३४.७ प्रतिशत जनसंख्यामा पुगेको छ भने प्रदेश सरकारले सञ्चालन गरेका खानेपानी आयोजनाबाट आधारभूत तथा सुरक्षित खानेपानी लाभान्वित जनसंख्या ४५०९४३० रहेको छ । नागरिकलाई गुणस्तरीय खानेपानी सेवा प्रवाह गर्न एक घर एक धारा कार्यक्रम अन्तर्गत ३९ वटा योजना र "लिफ्टिङ्ग खानेपानी कार्यक्रम" जस्ता विशेष कार्यक्रम सञ्चालन गरिरहेको छ भने मौलिक हक प्रदत्त सबै नागरिकको खानेपानी तथा सरसफाईमा पहुँच तथा समान वितरणको प्रत्याभूत गरी प्रदेश सरकार, स्थानीय तह अन्य सरोकारवालाहरुको साझेदारीमा कोशी प्रदेशका सबै पालिकामा खानेपानी, सरसफाई तथा स्वच्छता योजना **(WASH Plan)** निर्माण गर्ने लक्ष्य रहेकोमा हाल झापा जिल्लाको विर्तामोड र गौरादह न.पा., कमल, बाह्रदशी, बुद्धशान्ती, गौरीगंज, हल्दीबारी, झापा, कचनकवल, मोरङ जिल्लाको जहदा र मिक्लाजुङ गा.पा. सुनसरी जिल्लाको कोशी र भोक्राहा नरसिंह गा.पा. र उदयपुर जिल्लाको रौतामाई गा.पा. गरि जम्मा १४ वटा पालिकामा सरसफाई तथा स्वच्छता योजना **(WASH Plan)** निर्माण भई रहेको छ । अझ गुणस्तरिय खानेपानी पुन्याउनका लागि पानी तथा निर्माण सामग्री परीक्षण प्रयोगशाला इटहरी, सुनसरीमा स्थापनाको क्रममा रहेको छ । त्यस्तै प्रदेशको विभिन्न विद्यालय तथा सार्वजनिक स्थानहरुमा शुद्ध खानेपानी पुन्याउने उदेश्यले एउटा **ATM** (ईलामको

कन्याममा) सहित ७५ वटा शुद्ध खानेपानी प्लान्ट जडान गरीएको छ । सरसफाईमा सबैको पहुँच पुन्याउने कार्यमा मन्त्रालय तदारुक्ताको साथ लागि रहेको छ । यस प्रदेशमा आधारभूत सरसफाई पुगेको जनसंख्या ९७.८३ प्रतिशत रहेको छ ।

खानेपानी, सरसफाइ तथा स्वच्छता सम्वन्धि कोशी प्रदेशको ऐन पनि प्रदेश सभाले भर्खरै मिति २०८२ साल साउन १६ गते पारित गरेको छ। कोशी प्रदेशका तराइ जिल्लाहरु(झापा, मोरङ, सुनसरी र उदयपुर) अन्तर्गतका करीब २८० वटा ओभरहड प्रणालीका खानेपानी आयोजनाहरुमा खानेपानी उपभोक्ताहरुको पाइपलाइन खन्ने पुर्ने कार्यको जनश्रमदान हुन नसकी करीब ५० वटा खानेपानी प्रणालीहरु रुग्ण अवस्थामा रहेकोमा हालको पारित ऐनले त्यसको समाधान गरेको छ। पारित ऐनको प्रावधान अनुरुप १ प्रतिशत नगद वा जनश्रमदान उपभोक्ता वा स्थानीय तहवाट गर्न सकिने बाटो खुल्ला भएको छ।जर्जर अवस्थामा अलपत्र छाडिएको २ वटा खानेपानी आयोजनाहरु क्रमशः झापाको सोमवारे खानेपानी योजना र मोरङको जहदा खानेपानी योजनालाइ सञ्चालन व्यवस्थापनको जिम्मेवारी नेपाल खानेपानी संस्थानलाइ हस्तान्तरण गरिएको छ।

खानेपानी आयोजनाहरुको संख्या अत्यधिक भएकाले प्रदेश सरकारले मापदण्ड तोकी गत आ.व. २०८१/८२ मा ६४ वटा खानेपानी आयोजनाहरु स्थानीय तहमा सशर्त अनुदान सहित हस्तान्तरण गरिएको छ ।

| सि.नं. | कार्यक्रम | ०७५ भन्दा अगाडि | ०७५ देखि ०८१ असार सम्म | ०८१/०८२ मा |
|---|---|---|---|---|
| १ | आधारभूत खानेपानी पुगेको जनसंख्या (%) | ९० | ९३.०६ | ९३.१ |
| २ | सुरक्षित खानेपानी पुगेको जनसंख्या (%) | १५ | ३० | ३४.७ |
| ३ | आधारभूत सरसफाई पुगेको जनसंख्या (%) | ६२ | ९६ | ९८ |

**(ख) उर्जा**

प्रदेश भित्रका सबै नागरिकमा विद्युतको पहुँच पुन्याउनका लागि मन्त्रालयले विभिन्न योजनाहरु सञ्चालनमा ल्याएको छ । हालसम्म प्रदेशमा विद्युत पहुँच परिवार संख्या ९५.५३ प्रतिशत रहेको छ । कोशी प्रदेशको विद्युत उत्पादन क्षमता २८००० मे.वा. भए पनि हालसम्म ६५३ मे.वा. मात्र विद्युत उत्पादन भएको छ । विद्युत उत्पादन बढाउनका लागि प्रदेश सरकारले निजी क्षेत्र समेतको लागत साझेदारीमा जलविद्युत आयोजना निर्माण कार्य अगाडि बढाएको छ भने लक्ष्मीखोला लघु जल विद्युत आयोजना, धनकुटालाई राष्ट्रिय प्रसारण लाईन **(ग्रिड)** मा श्रावण महिना भित्र जोडन गरी कार्य अगाडि बढाईएको छ । नवीकरणीय वैकल्पिक तथा सौर्य उर्जाको , क्षेत्रमा लघु जल विद्युत ९.१३ मे.वा., सौर्य उर्जा १९.३ मे.वा. , **Municipal waste to energy (20-**

**30 ton of waste per day):** ४ वटा आयोजनाहरु सञ्चालनमा ल्याएको छ । वातावरण मैत्री विद्युतीय गाडीहरुलाई प्रोत्साहन गर्न र डिजेल, पेट्रोल गाडीहरु प्रतिस्थापन गर्नका लागि प्रदेशका विभिन्न जिल्लाहरुमा गत आ.व.हरुमा १३ वटा (मोरङ्गको विराटनगर, बेलवारी-१/१, सुनसरीको इटहरी-१, झापा जिल्लाको सुरुङ्गा, विर्तामोड, भद्रपुर,गौरादहमा १/१, उदयपुरको कटारी र गाइघाटमा १/१वटा, धनकूटा जिल्लाको भेडेटार र पाख्रीबासमा १/१, इलाम जिल्लाको कन्याम- १, ताप्लेजुङ्ग जिल्लाको फुङलिङ न.पा.-१ ) विधुतीय चार्जिंग स्टेशन निर्माण गरि संचालन गरेको छ। त्यस्तै झापाको कन्काई घाटमा विधुतीय शवदाह गृहको निर्माण भएको छ । कन्काई सिंचाई प्रणाली झापाको शाखा १९, २० र २१ मा भूमिगत र सतह जलस्रोतको संयोजनात्मक (Conjuctive Use)उपयोगको लागि नविनतम प्रविधि ( Canal Top Solar २०० **kW)** क्षमताको जडान भएको छ भने प्रादेशिक अस्पताल, भद्रपुर, झापामा १२० **kW** को **Grid Connected** सोलार **System** जडान गरिएको छ । विपन्न वर्ग लक्षित सौर्य उर्जा कार्यक्रम मार्फत राष्ट्रिय प्रसारण लाईन नपुगेका तेह्रथुमको म्याङलुङ न.पा.मा १४ वटा र ताप्लेजुङ्ग जिल्लाको मौवाखोला गा.पा. मा १११ वटा गरी जम्मा १२५ घरमा सोलार वत्ती जडान गरिएको छ । त्यस्तै जनताको जलविद्युत कार्यक्रम अनुसार आमादब्लम जलविद्युत आयोजना, सोलुखुम्वु र सिम्वुवा मिनि हाईड्रोमा प्रदेश सरकारको लगानी सुनिश्चित गरी सेयर खरिद प्रक्रियामा रहेको छ ।

**(ग) जलस्रोत तथा सिंचाई**

सिँचाइ प्रणालीको सुदृढीकरण, पुनर्स्थापना र मर्मत सम्भार गर्दै सिँचित क्षेत्रको विस्तार, स्तरोन्नती एवम् आधुनिकिकरण गरी कृषियोग्य भूमिमा वर्षै भरि भरपर्दो एवम् दिगो सिँचाइ सुविधा उपलब्ध गराई कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने लक्ष्य सहित १५४९ आयोजनाहरु सञ्चालन गरिएको छ । प्रदेश सरकारबाट स्रोत सुनिश्चितता भएको आ.व. ०८०/०८१ सम्म ४० वटा वहुवर्षिय योजना (संघबाट हस्तान्तरित २१ वटा समेत) रहेकोमा ३१ वटा योजना सम्पन्न भएको चालु आ.व.मा १२ वटा बहुवर्षिय योजनाहरुको स्रोत सुनिश्चतता प्राप्त भई २१ वटा योजना कार्यान्वयनको चरणमा रहेको छ ।हालसम्म प्रदेशको ३७.३ प्रतिशत कृषियोग्य जमिनमा बर्षै भरि सिंचाई सुविधा पुगेको छ । सिँचाइ सुविधा नपुगेका कृषि भूमिमा सतह तथा भूमिगत सिँचाइको माध्यमबाट सिँचाई पुन्याउनेतर्फ मन्त्रालयले कार्य गरि रहेको छ । पानी मुहान संरक्षण, जलउत्पन्न प्रकोप रोकथाम तथा न्यूनिकरणका लागि योजनाहरु सञ्चालन गरिएका छन । २९ वटा पानी मुहान, पोखरी र सिमसार संरक्षणका कार्य गरिएको छ । पहाडी ८ जिल्लाहरुमा साना सिंचाई कार्यक्रम (SIP-Phase I र II) मार्फत कुल ११५७ वटा कृषक कुलोहरु सुधार भई २०४०० हे. जमिनमा सिंचाई सुविधा व्यवस्थित गरिएको छ | दातृ निकाय **ADB** को सहयोगमा प्रदेशका १३ वटा जिल्लामा २७ वटा योजानाहरु सञ्चलनमा रहेका छन जसबाट ३५१० हे. थप सिंचाई सेवा विस्तर गर्ने र कुवेत फण्डको ७ वटा आयोजनावाट थप ७५५ हे. सिचाई सेवा विस्तार गर्ने लक्ष्य सहित कार्य अगाडि वढाईएको छ । सिद्धी नहर सिंचाई योजना, झापा २००० हे. र तल्लो कृष्णेखोला सिंचाई योजना १५०० हे. सिंचाई व्यवस्थापनको लागि कन्काई सिंचाई व्यवस्थापन कार्यालयलाई हस्तान्तरण गरिएको छ । भूमिगत पानी सतह पत्ता लगाउनका लागि **ERT** मेसिन खरिद गरी भूमिगत सिंचाई विकास डिभिजन, विराटनगरलाई हस्तान्तरण गरिएको छ ।

त्यस्तै भुमिगत सिचाईतर्फ तपसिल अनुसारको कार्य भएको

| सि.नं. | कार्यक्रम | आ.व.०८१/०८२ | आ.व. ०७५ देखि हालसम्म | कैफियत |
|---|---|---|---|---|
| १ | डिप ट्यूववेल | १३ | १०१ | |
| २ | पावर ड्रिल ट्यूववेल | ५६ | २७९ | |
| ३ | स्यालो ट्यूववेल | ८११ | ८११ | |
| ४ | सिंचित क्षेत्र विस्तार | ३०४३ हे. | ६७२८ हे. | |

समग्र सिंचाई विवरण

| प्रदेशको कुल क्षेत्रफल | सिंचाई योग्य जमिन | ०७५ भन्दा अगाडि सिंचाई पुगेको क्षेत्रफल | ०७५ देखि ०८१ असार सम्मको क्षेत्रफल | ०८१/०८२ को क्षेत्रफल | जम्मा सिंचित क्षेत्रफल | बर्ष भरि सिंचाई सुविधा पुगेको प्रतिशत |
|---|---|---|---|---|---|---|
| २५९०५०० हे. | ५९४६१६ हे. | ३०२००० हे. | १३२८७ हे. | ३४४८.८ हे. | ३१८७३५.८ हे. | ३७.३ % |

नदी नियन्त्रण विवरण

| सि.नं. | कार्यक्रम | ०७५ भन्दा अगाडि | ०७५ देखि ०८१ असार सम्मको | ०८१/०८२ सम्मको | हालसम्म जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | तटबन्धन | १६८ कि.मि. | ३०० कि.मि. | १४.४० कि.मि. | ४८२.४० कि.मि. | |
| २ | जग्गा उकास/ संरक्षण | - | १५०० हे. | २८९२.५५ हे. | ४३९२.५५ हे. | |
| ३ | पहिरो नियन्त्रण | ५ वटा | ५० वटा | ९८ वटा | १५३ वटा | |

रुग्ण आयोजनाको विवरण

संघ सरकारबाट हस्तान्तरीत खानेपानीतर्फ १२३ वटा र सिंचाईतर्फ ६ वटा गरी जम्मा १२९ बटा आयोजनाहरु रुग्ण रहेका छन । संघ सरकारबाट साविकमा आयोजनाहरुमा रकम विनियोजन हुने गरेको हाल रकम विनियोजन नभएकाले योजनाहरु कायान्वयन गर्न नसकिने अवस्थामा रहेका छन ।

ऐन, कानून निर्माण विवरण

कोशी प्रदेश, कार्यविभाजन नियमावली, २०७९ मा मन्त्रालयले खानेपानी, सिंचाई तथा उर्जा क्षेत्रमा गर्नु पर्ने १२ वटा जिम्मेवारी दिईएको छ । उक्त जिम्मेवारी अनुसारको कार्य गर्नका लागि मन्त्रालयबाट तपसिलका ऐन, नियमावली, कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाई कार्यान्बयनमा रहेको छ ।

**तपसिल**

कोशी प्रदेश प्रदेश सिंचाई ऐन, २०७५

क) कोशी प्रदेश प्रदेश विद्युत ऐन, २०७६
ख) कोशी प्रदेश खानेपानी तथा सरसफाई ऐन, २०८१
ग) प्रदेश सिंचाई नियमावली, २०८१
घ) प्रदेश नविकरणीय उर्जा नीति २०८१
ङ) सुख्खा राहत स्यालो ट्युववेल सिंचाई विशेष कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१
च) भूमिगत जल सिंचाई आयोजना कार्यान्वयन कार्यविधि, २०८१
छ) विद्युतिय शवदाह गृह निर्माण तथा सञ्चालनसम्बन्धी मार्गदर्शन, २०८१
ज) सार्वजनिक स्थानमा शुद्ध खानेपानी जडान र हस्तान्तरणसम्वन्धी मार्गदर्शन, २०८१
झ) खानेपानी, सरसफाई तथा स्वच्छतायोजना (WASH Plan) तयारी सम्वन्धी कार्यक्रम कार्यान्वयन मार्गदर्शन, २०८१
ञ) प्रदेश सिंचाई नीति, २०८२ (मस्यौदा भएको)
ट) नवीकरणीय उर्जा तथा उर्जा दक्षता कार्यक्रम कार्यान्वय कार्यविधि, २०८२ (मस्यौदा भएको)

**विपद पूर्व तयारीको अवस्था**

आपतकालिन तथा विपद रोकथामको लागि ३९०१ थान तारजाली, १७५०० थान नाईलन बोरा र ९५७६ मि. पाईप खरिद भई मातहतका निकायहरुमा पूर्व तयारीको अवस्थामा रहेको छ ।

**वित्तिय प्रगती**

**विनियोजित बजेट तथा खर्च विवरण (आ.व.०८१/०८२)**

| सि.नं. | विवरण | बार्षिक बजेट रु. हजारमा | जम्मा खर्च रु. हजारमा | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | चालु खर्च तर्फ | ५४१०१०।- | ३८९८९८।- | ७२.०७ |
| २ | पूँजीगत खर्च तर्फ | ३८६४३६३।- | ३६५९६९३।- | ९४.७० |
| ३ | वित्तीय व्यवस्थापन | २००००।- | ०।- | ०.०० |
| जम्मा | | ४४२५३७३।- | ४०४९५९१।- | ९१.५१ |

**बेरुजुको अवस्था (रु. हजारमा)**

| कायम भएको बेरुजु रकम | | | | लगत कट्टा भएको | | बाँकी बेरुजु |
|---|---|---|---|---|---|---|
| नियमित गर्नुपर्ने | पेस्की | असुल उपर गर्नुपर्ने | जम्मा | जम्मा | प्रतिशत | जम्मा |
| १३८३४९३ | २८०३२५ | १६७७७८ | १८३०१४८ | ५६९०७२ | ३१.०९ | १२६१०७६ |


यसरी खानेपानी, सिँचाई तथा उर्जाको क्षेत्रमा उपलब्ध स्रोत-साधन, अवसर र क्षमताको उच्चतम उपयोग गरी खानेपानी तथा सरसफाई, सिंचाई, जलस्रोत तथा ऊर्जा विकास क्षेत्रमा पूर्वाधारको विकास गर्दै प्रदेशवासीको आर्थिक तथा सामाजिक जीवनस्तरमा गुणात्मक सुधार गरी स्वच्छ, सुखी र समुन्नत प्रदेश निर्माणको आधारशीला तयार गर्ने उद्धेश्यका साथ मन्त्रालयले कार्यक्रम तथा योजना सञ्चालनमा ल्याएको छ ।

खानेपानी, सिँचाई तथा उर्जा मन्त्रालय, कोशी प्रदेश, विराटनगर

मिति : २०८२ साल श्रावण १८ गते आईतवार

प्रदेश सरकार
खानेपानी, सिंचाई तथा ऊर्जा मन्त्रालय
कोशी प्रदेश
विराटनगर, नेपाल

## स्यालो सुख्खा राहत कार्यक्रम




स्यालो ट्यूबवेल निर्माण ,गौरिगंज ४, झापा




स्यालो ट्यूबवेल निर्माण ,गौरिगंज ४, झापा

## नदि नियन्त्रण कार्य




सुनकोशी नदि नियन्त्रण मानेभन्जयांग ७, ओखलढुंगा



देउनियाखोला नियन्त्रणकार्यझापा ,हल्दिबारी ,

कोशी प्रदेश
विराटनगर, नेपाल




झरना खोला नियन्त्रण, सुन्दर हरैचा९-




छाउरी खोला नियन्त्रण, कटारी०५-.पा.न., उदयपुर

## सिंचाइ तर्फ




जलकन्या सिंचाइ योजनाझापा ,




सोल्टी बक्राहा सि .यो ., उर्लाबारी





बोक्रे लिफ्ट सिंचाई आयोजना, आठराई गा.पा.

झरना सिंचाइ योजना, सुनसरी





पुनभरण (Recharge) पोखरी सिंचाई कार्यक्रम योजना,

सार्वजनिक स्थानमा शुद्ध खानेपानी, धरान